सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३५८ ♦ २०८२ साल साउन २७ गते मंगलवार ♦ 12 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेसमा धान रोपाइँले तीव्रता, अहिले सम्म ७६.५४ प्रतिशत धान रोपाइँ

**खबर दर्पण समाचारदाता**

**साउन २६ गते, बर्दिवास**

साउनको दोस्रो साता पछि मधेस प्रदेशका जिल्लाहरूमा वर्षा भएपछि मधेसमा धान रोपाइँले तीव्रता पाएपछि रोपाइँको क्षेत्रफल दुई गुणाले वृद्धि भएको छ ।



प्रदेशभरि साउन १६ गतेदेखि २३ गतेसम्मको सात दिनको अवधिमा धान रोपाइँ क्षेत्रफल ३३.८१ प्रतिशतले वृद्धि भएर अहिलेसम्म कूल खेतीयोग्य जमिनको ७६.५४ प्रतिशतमा रोपाइँ भइसकेको मधेस प्रदेशका कृषि विकास निर्देशनालयले जनाएको हो । हालसम्म मधेस प्रदेशमा धान खेती हुने भूमि मध्ये २ लाख ८५ हजार २ सय ३४ दशमलव ५२ प्रतिशतमा धान रोपाई भइसकेको छ ।

गत साउन १६ गतेसम्म मधेस प्रदेशमा धान खेती हुने क्षेत्रफल मध्ये ४२.७३ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको थियो भने हाल एक हप्तामा मात्र ३३.८१ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ थपिएको निर्देशनालयले दिएको तथ्याङ्कमा उल्लेख रहेको छ ।

जिल्लागत रूपमा सबै भन्दा बढी धान रोपाई बारा जिल्लामा भएको छ । बारामा धान खेती हुने क्षेत्रफलको ९५ प्रतिशत जग्गामा धान रोपाई भएको छ । दोस्रो बढी ९२ प्रतिशत धान रोपाई पर्सा जिल्लामा भएको छ भने सबै भन्दा बम महोत्तरीमा भएको छ । महोत्तरीमा ६१.५ प्रतिशत जमिनमा धान रोपाई मात्र भएको मधेस प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका वरिष्ठ कृषि विकास अधिकृत अविनाश झाले जानकारी दिनुभएको हो ।

धान रोपाइँमा आएको वृद्धिका कारण किसानहरू खुसी भएका छन् । नहर, कुलोपैनी, स्यालो ट्युबेल, डिप बोरिङ चलाएर पानी पुऱ्याउनुपर्ने बाध्यता पछिल्लो वर्षाले अन्त्य गरेको जनकपुर धाम वडा नं ८ का किसान रामदेव यादवले बताउनुभयो । धानको खेती मधेस प्रदेशमा अहिले आकाशे भरमा हुने गरेको तथ्याङ्कले पुष्टि गरेको छ ।

मधेस प्रदेशमा कुल तीन लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेका छन् । पछिल्लो समयमा प्रभावकारी वर्षाले किसानहरूमा ऊर्जा थपेको छ । धान रोपाइँ बढेसँगै प्रदेशमा धानको उत्पादनमा त्यति कमी नआउने विश्वास किसानहरूको रहेको छ । तर ढिलो गरी धान रोपाई गर्दा धानको उत्पादन घट्ने र लागत पनि बढ्ने कृषि क्षेत्रका विज्ञहरूले बताउनुभएको छ । प्रदेशभरि निरन्तर पानी परिर हँदा कृषकहरू सक्रिय भएर रोपाइँमा लागेको खडेरीको बाबजुद पनि धानको उत्पादनमा राम्रो वृद्धि हुने सम्भावना रहेको कृषि क्षेत्रका अगुवाहरूले बताएका छन् । यता किसानहरू खरुहन धान रोपाई यस महिना भरि गर्ने भएकाले ८० प्रतिशत क्षेत्रफलमा धान रोपाई हुने अनुमान मन्त्रालयले गरेको छ ।

## साउन ३० गते मधेश प्रदेश प्रहरी भवनको उद्घाटन गर्न प्रधानमन्त्री ओली जनकपुरधाम आउँदै

**खबर दर्पण समाचारदाता**

**साउन २६ गते, बर्दिवास**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रहरीको मधेश प्रदेश प्रहरीको नवनिर्मित भवनको साउन ३० गते उद्घाटन गर्नुहुने भएको छ ।

मधेश प्रदेश सरकारको करिब २५ करोडको लागतमा निर्माण भएको अत्याधुनिक भवनको उद्घाटनका लागि प्रधानमन्त्री जनकपुरधाम आउन लाग्नुभएको मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले जानकारी दिनुभयो ।

बहु वर्षे योजना अन्तर्गत प्रदेश सरकारले निर्माण गरेको सो भवनमा प्रहरीका विभिन्न शाखा रहने छन् ।

मधेश प्रदेश प्रहरीको आफ्नो भवन नभएपछि हाल भाडामा बस्दै आएको छ । जनकपुर धामको वडा नं ४ मा नव निर्मित भवनले मधेश प्रदेश प्रहरीको कार्यक्षमतामा विस्तार हुने विश्वास प्रदेश सरकारको रहेको छ ।



तत्कालीन मुख्यमन्त्री सरोज कुमार यादवले शिलान्यास गर्नुभएको भवनको निर्माण निर्धारित समयमै सम्पन्न भएको हो ।

## सोनमा गापामा करेन्ट लागेर एक जनाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**साउन २६ गते, बर्दिवास**

महोत्तरी जिल्लाको सोनमा गाउँपालिकाको खेश्राहामा सोमबार करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सोनमा गाउँपालिका-४, खेश्राहा बस्ने वर्ष ६५ को मोकदम राय रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।


जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी निरीक्षक नन्दकिशोर चौहानले खेतमा पानी हाल्न विद्युतीय तार मोटरमा लगाइरहेको बेला एक्कासि करेन्ट प्रवाह भएर घटनास्थलमै मृत्यु भएको जानकारी दिनुभयो ।

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

खबर दर्पण



# औरही १ का वडा अध्यक्ष चौधरीको स्मरणमा श्रद्धाञ्जली सभा




**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन २६ गते, बर्दिवास**


औरही नगरपालिका वडा नं १ का वडा अध्यक्ष तथा श्री प्रसाद सिंह माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष योगी चौधरीको निधन भएको स्मरणमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ।

शुक्रवार राती चौधरीको असामयिक निधन भएको हो। उनको निधनले विद्यालय परिवार मात्र नभई समग्र स्थानिय समुदायमा शोकको छायाँ परेको छ।उनको निधन भएको शोक व्यक्त गर्दै विद्यालयले आज श्रद्धाञ्जली कार्यक्रम आयोजना गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ।

श्रद्धाञ्जली कार्यक्रममा पुर्व अध्यक्ष योगी चौधरीको फोटो अगाडि फूल र अबिर चढाएर मृत आत्माको चिरशान्तिको कामना गरिएको थियो।कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शिवासरण यादव, नव निर्वाचित व्यवस्थापन समितिका अध्यक्ष नविन यादव लगायत शिक्षक, कर्मचारी र विद्यार्थीहरूले एक मिनेट मौन धारण गरी निधन भएका अध्यक्षप्रति सम्मान व्यक्त गरेका थिए।विद्यालयले जारी गरेको वक्तव्यमा योगी चौधरीले विद्यालयको समग्र विकास र व्यवस्थापनमा आफ्नो योगदान पुऱ्याउन सदैव तत्पर रहँदै आएका उल्लेख गर्दै उनको निधनले विद्यालयले अपूरणीय क्षति बेहोर्नुपर्ने बताइएको छ। साथै, विद्यालय परिवारले उनको आत्माको चिरशान्ति तथा दु:खमा परेका परिवारजनप्रति समवेदना प्रकट गरेको छ।

स्थानिय समाजमा पनि योगी चौधरीको योगदान र सेवा सदैव स्मरणीय रहने विश्वास व्यक्त गरिएको छ। उनी आफ्नो समर्पणशील नेतृत्व र मेहनतका कारण सबैको प्रिय व्यक्तित्वका रूपमा चिनिन्थे ।

# औरही नगरपालिका वडा नं. १ मा साहलाई कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी



औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

प.सं.:२०८२/०८३ (प्रशासन शाखा)
च.नं.: ९५३

मितिः- २०८२/०४/२६

विषयः- कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी तोकिएको सम्बन्धमा ।

श्री शुसिल कुमार साह,
वडा नं. १ का वडा सदस्य,
औरही, महोत्तरी ।

प्रस्तुत विषयमा जिल्ला महोत्तरी औरही नगरपालिका मिति २०८२/०४/२६ गते (नगर प्रमुखस्तरीय) निर्णयानुसार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११६ अनुसार कार्यवाहक भई कार्य गर्न सक्ने सम्बन्धी व्यवस्था रहेकोले तपाईलाई यस औरही नगरपालिका वडा नं. १ को कार्यवाहक वडा अध्यक्षको रुपमा अर्को निर्णय वा व्यवस्था नहुनजेलसम्मको लागि प्रचलित कानुन बमोजिम कामकाज गर्नुहुन जिम्मेवारी तोकिएको व्यहोरा अनुरोध छ ।

"तोकिएको जिम्मेवारी कुशलता पूर्वक सम्पादन गर्नु हुनेछ"

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ
श्री नगर प्रमुख ज्यू, औरही न.पा., महोत्तरी ।
श्री नगर उप-प्रमुख ज्यू, औरही न.पा., महोत्तरी ।




**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन २६ गते, बर्दिवास**

औरही नगरपालिकाले वडा नं. १ का वडा सदस्य सुशील साहलाई कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिएको छ। नगर प्रमुखस्तरीय २०८२ साउन २६ गतेको निर्णयअनुसार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११६ बमोजिम, वडा अध्यक्षको निधन भएमा सोही वडाका सदस्यलाई कार्यवाहकको जिम्मेवारी दिने व्यवस्था छ।

सोहि व्यवस्था अनुसार दिवंगत वडा अध्यक्ष योगी चौधरीको निधनपछि सुशील साहलाई अर्को निर्णय वा व्यवस्था नहुन्जेलसम्मका लागि प्रचलित कानुनअनुसार कामकाज गर्ने जिम्मेवारी तोकिएको हो।

नगरपालिकाले साहलाई कानुनी प्रावधानअनुसार वडा नं. १ का कार्यवाहक वडा अध्यक्षका रूपमा काम गर्न अनुरोध गरेको छ।

# सोनमा गापामा करेन्ट...

खेतमा पानी हाल्न मोटर जोडिर हेको बेला एक्कासि विद्युतीय तारमा करेन्ट प्रवाह भएको र सो को कारण उनको घटनास्थलमै मृत्युभएको स्थानीयवासीलाई उल्लेख गर्दै उहाँले जानकारी दिनुभयो ।

शवलाई आवश्यक अनुसन्धान तथा पोस्टर्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर लगिएको जानकारी दिनुभयो । असार र साउन महिनामा मात्रै महोत्तरीमा करेन्ट लागेर दुईको मृत्यु भइसकेको छ ।

असार २२ गते औरही नगर पालिका वडानं. ७ भोइल टिमकीयामा गाउँको कृषि सडकमा कल्भर्ट निर्माण गर्दै गर्दा मजदुर रामगोपालपुर नगर पालिका वडानं. ५ बस्ने ३२ वर्षिय छटु मुखियाको मृत्यु भएको थियो । काम गरिरहेको ठाउँमा एक्कासि बिजुलीको तार चुडिएँर खस्दा मजदुर मुखियालाई करेन्ट लागेको थियो ।

त्यसैगरी गत हप्ता मात्रै सम्सी गाउँपालिका-५, पोखरभिण्डा बस्ने वर्ष १६ का अमित यादवलाई करेन्ट लागेर मृत्यु भएको थियो । आफ्नै खेतमा र हेको विद्युतीय मोटरमा तार जोड्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको क्रममा मृत्यु भएको थियो ।

# आनन्द मार्ग प्रचारक सङ्घ नेपालद्वारा महोत्तरीमा डेट लेभल सेमिनार सम्पन्न

**खबर दर्पण समाचारदाता**

**साउन २६ गते, बर्दिवास**

आनन्द मार्ग प्रचारक सङ्घ नेपालको डेट लेभल सेमिनार २०८२ साल साउन २३ र २४ गते महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-२ स्थित जलेश्वरनाथ पार्टी प्यालेसमा भव्य रूपमा सम्पन्न गरिएको छ। उक्त कार्यक्रमको आयोजक आनन्द मार्ग प्रचारक सङ्घ नेपाल महोत्तरी भुक्ति रहेको थियो।

कार्यक्रमको अध्यक्षता महोत्तरी भुक्तिका भुक्ति प्रधान योगनारायण यादवले गर्नुभयो। कार्यक्रममा आनन्द मार्ग प्रचारक सङ्घ नेपालको च.क. आचार्य सत्य देवानन्द अवधूत, आचार्य आनन्द कल्याण माया अवधूति, आचार्य आनन्द ध्रुति अवधूति, आचार्य आनन्द सुब्रता अवधूति लगायत महोत्तरी भुक्तिबाट अहिल्या शर्मा, सुमन कुमार पौड्याल, अमरदीप शाह, सोगेन्द्र ठाकुर र धनुषा भुक्तिबाट भुक्ति प्रधान सिन्धु हमाल, सचिव हेमन्तलाल कर्ण, पूर्व भुक्ति प्रधान जय नन्दन सहनी, वरिष्ठ आनन्दमार्गी कृष्णदेव यादव, नारायण विश्वकर्मा तथा नेपाल बार एशोसिएशन महोत्तरीका अध्यक्ष दिपक विश्वकर्मासहित उल्लेखनीय संख्यामा साधकहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा आनन्द मार्ग सङ्घको संरचना, पापस्य कारण त्रय, मानव शरीरलाई जैविक यन्त्रको रूपमा बुझाउने धारणा, प्राण धर्म र साधनाको महत्वबारे आचार्यहरूले प्रकाश पार्नुभयो। धर्मचक्र, योग साधना, ध्यान, अष्टाङ्ग योग, नगर कीर्तनलगायतका कार्यक्रम सञ्चालन भए। आनन्द मार्गको मूल उद्देश्य "आत्ममोक्षार्थं जगद्धिताय च" रहेको कुरा जोड दिइयो।

आचार्यहरूको भनाइ अनुसार, मानव शरीर एउटा यान्त्रिक मशीन हो र साधना जीवनको सार तथा मनुष्यको धर्म हो। धार्मिक नियमको उल्लङ्घन गर्नु पाप हो। आनन्द मार्ग विज्ञानसम्मत रूपमा मानिसलाई सर्वव्यापी परमसत्तासँग जोड्ने र अध्यात्मतर्फ डो-याउने बाटो हो। यो बाटोबाट प्राप्त हुने आनन्द असीमित र शाश्वत हुन्छ, जसलाई प्राप्त गर्नु प्रत्येक मानिसको मौलिक हक हो।

भुक्ति प्रधान योगनारायण यादवका अनुसार, आनन्द मार्ग "म्यान मेकिङ मिसन" हो। धन, मान, पद, प्रतिष्ठा भए पनि शुद्ध अध्यात्म प्राप्त नभएसम्म मन अशान्त रहन्छ। मोक्षप्राप्तिको लागि आनन्द मार्ग साधना नै एक मात्र विकल्प भएको उहाँको धारणा थियो।

कार्यक्रममा २५ जना नयाँ साधकहरू दीक्षित भए। सेमिनारमा "धर्म के हो?", "विभुसत्ता के हो?", "जगत र भौतिक सत्ता के हो?", "मानव जीवनको लक्ष्य के हो?", "साधनाबाट किन भय हुन्छ?", "अध्यात्मिक अनुशीलनको प्रयोजनीयता के हो?" जस्ता विषयमा चर्चा गरियो। साथै सामाजिक दर्शन 'एच्इग्त' माथि पनि प्रकाश पारियो।

कार्यक्रमको उद्घाटन र समापन महोत्तरी भुक्तिका भुक्ति प्रधान योगनारायण यादवले गर्नुभएको थियो।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# युवालाई जोड्न चुकेका स्थानीय सरकार



सरोज कुमार महतो

सन् १९९८ अगस्ट ९ देखि १२ तारिखमा संयुक्त राष्ट्रसंघको समन्वयमा पोर्चुगलको राधानी लिसवनमा विश्वका १४० देशका युवा मामिला हेर्ने मन्त्री ज्युहरुको सहभागितामा 'विश्व युवा सम्मेलन' भएको थियो । त्यस सम्मेलनले आ(आफ्ना देशमा र ाष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिवद्धता जनाउनुका साथै युवा सशक्तिकरण पक्षमा ८८ बुँदे लिसवन घोषणापत्र समेत जारी गरेको थियो । त्यसपछि राष्ट्रसंघको आह्वानमा सन् २००० बाट विश्वभर हरेक वर्षको अगष्ट १२ का दिन युवा सशक्तिकरण, जागरण र बहस गर्ने महत्वपुर्ण दिनको रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने गरिएको छ ।

सन् २०२५ को अगष्ट १२ मा पनि अन्तर्राष्ट्रिय युवा दिवस मनाउँदै छ र माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी ज्युको अध्यक्षमा बसेको मूल समारोह आयोजक समितिको बैठक मार्फत "दिगो विकास र सुनौलो भविष्यको सार: स्थानीय युवाको सहभागीताको समृद्धिको आधार" भन्ने नेपालीमा रुपान्तरित आदर्श वाक्य काम गरि देशका हरेक स्थानीय सरकार लाई विभिन्न कार्यक्रम आयोजना गर्न अनुरोधपत्र 'संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय' मार्फत राष्ट्रिय युवा परिषद्ले अनुरोध गरेको छन् ।

तर अहिले सम्म म भएको स्थानीय सरकार अर्थात बटेश्वर गाउँपालिका, धनुषाले कुनै पनि कार्यक्रम आयोजना गरेको सुचना पाएको छैन । यस्तो अवस्था बटेश्वर को मात्रै हैन अधिकाँस स्थानीय सरकारको हो । यसको कारण कयौँ हुन सक्छ तर बजेट पास नभएको एउटा हुन सक्छ । अर्थात कार्यक्रम गर्ने स्रोत नहुने र कस्ता कार्यक्रम गर्ने त्यसको प्राथमिकता नहुने जस्ता कारण पनि हुन सक्छ ।

तथ्याङ्कले भन्छ, नेपालमा अहिले १६(४० उमेर समूहका ४२.५६ प्रतिशत मानिस छन्, जसलाई राष्ट्रिय युवा नीतिले युवा भन्छ । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनको मतपरिणामअनुसार प्रतिनिधि सभाको प्रत्यक्षतर्फ एक सय ६५ निर्वाचन क्षेत्रमध्ये ४० वर्षमुनिका नौ जनामात्र निर्वाचित भएका छन् । त्यस्तै २०७९ सालको स्थानीय तहको निर्वाचन परिणामअनुसार ४० वर्ष मुनिका जनप्रतिनिधिनै ४१ प्रतिशत छन् । तथ्याँक हेर्दा ४१ प्रतिशत स्थानीय तहको जनप्रतिनिधिहरुले युवा लक्षित काम गर्नु पर्ने हो । तर स्थानीय तहको ऐनाका रुपमा रहेको स्थानीय सरकार संचालन ऐन, २०७४ ले युवालाई लक्षित वर्गको रुपमा लिएर उनीहरुको सहभागिता तथा साझेदारीलाई स्थानीय प्रक्रियामा सुनिश्चित गराउने सम्बन्धमा स्पष्टरुपमा व्यवस्था भने गरेको छैन ।

तर हरेक वर्ष वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा समावेशी योजना तथा कार्यक्रम तय गर्नुपर्छ त्यसमा युवा पनि समावेश हुन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (च) मा स्थानीय तथ्याँक र अभिलेख संकलन भन्ने व्यवस्था र हेको छ यसले के बुझिन्छ भने युवा लगायत सम्बन्धित तथ्याँक र अभिलेख सँकलन गरिर्ने भुमिका स्थानीय तहका हुन । यसलाई योजना बनाउँदा वा कानून वा कुनै नीति बनाउँदा सहजै प्रयोग गर्न सकोस् ।

राष्ट्रिय युवा परिषद्ले युवा लक्षित विभिन्न कार्यक्रम ल्याए पनि स्थानीय स्तरमा त्यसको कार्यान्वनमा प्रभाकारीता देखिएको छैन । "स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागितासम्बन्धि कार्यविधि, २०७८ (नमूना)" को रुपमा संघीय मामिल तथा सामान्य प्रशासन मन्त्रालय मार्फत राष्ट्रिय युवा परिषद पठाए पनि त्यसको कार्यान्वयनमा प्रभावकारीता देखिएको छैन ।

यस्तो नहुनुमा, जसको लागि जुन कार्यक्रम तय गर्दै छ वा नीति बनाउँदै छ भने त्यसको छलफल सम्बन्धि पक्षसँग छलफल नगर्नु हो । स्थानीय तहले तथ्याँक संकलन त गर्छ तर त्यसको अध्यावधिक गरेको हुदैन र त्यसको लागि केन्द्रिय तथ्याँक विभागको भरमा हुन्छ । त्यसको उपयोग गर्ने कुरै हुदैन् । युवाहरुको सोच र काम गर्ने शैली फरक हुन्छ र समय अनुसार हुन्छ उनीहरुलाई सम्बन्धित विषयमा जोड्न सकिन्छ । जसको लागि एउटा सहजै काम भनेको "ईन्टरणसिप" को सुरुवात हो जुन काठमाडौ महानगरपालिकाले गर्दै आईरहेको छ । अर्थात नवसोचलाई कार्यक्रम तय गरि कार्यान्वन गर्ने साथै त्यसका प्रक्रिया भुमिका दिने ।

हाम्रो समाज र देशमा के युवाहरूले सम्भावनाको पूर्ण प्रयोग गर्ने मौका पाएका छन् त ? भन्ने प्रश्नको उत्तर दिन निकै सोच्नुपर्ने हुन्छ । युवालाई सिप, दक्षता, क्षमताको विकास गर्ने र सृर्जनात्मक कार्यका लागि उपयुक्त वातावरण मिलाउने कुरा निकै महत्त्वपूर्ण साथै चुनौतीपूर्ण पनि छ । युवाको क्षमताको प्रयोग सम्बन्धमा भएका अनेकन समस्या नहटाएसम्म देशको समृद्धि सम्भव देखिँदैन । जसको लागि स्थानीय सरकार युवामैत्री बनाउनु पर्ने हुन्छ ।

युवालाई विदेश जानु भन्दा आफ्नै समाज र स्थानमा उद्यमी बन्ने, कमाउने, समाजका लागि काम गर्ने र रमाउने बनाउन सरकार तथा सरकारको एउटै तहमात्र लागेर हुँदैन, सरकारका तीनै तह, र ाजनीतिक दलहरू, सरकारी तथा गैरसरकारी संघ/सस्थाहरू सहकार्य गर्दै जानुपर्ने आवश्यकता छ ।

नजिकको सरकार भनेको स्थानीय तह नै हो । स्थानीय तह आफ्नो समुदायमा व्यक्तिको अवस्था, उद्यमशीलता र रोजगारीका सम्भावना, युवाका क्षमता र कमीकमजोरी आदिबारे जानकार हुन्छ ।

स्थानीय तहले युवाको अवस्था र विविधता खुल्ने गरी तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्ने, विभिन्न क्षमता सिप कला भएका युवाको जानकारी प्राप्त गर्ने, युवाहरूको भेला, छलफल, अन्तरक्रिया गर्ने, युवाका कुरा स्थानीय तहका नेतृत्वले सुन्ने जस्ता कार्य सजिलै गर्न सक्छ । त्यस्तै उद्यमशीलतासम्बन्धी तालिम सञ्चालन गर्ने, युवालाई उद्यमशील बन्न उत्प्रेरित गर्ने, उद्यमी युवालाई विभिन्न तरिकाले सम्मानित तथा पुरस्कृत गर्ने कार्य पनि गर्न सक्छ ।

युवा बाहिरदै धेरै छ र त्यहि मात्रामा फर्किदै पनि छ । त्यसले युवालाई उनीहरुको क्षमता अनुसार सदुपयोग गर्न जरुरी छ । सक्षम युवाले परिर्वतन गर्छ ।

अन्तर्राष्ट्रिय युवा दिवस २०२५ को सबै युवामा शुभकामना र सकारात्मक सोचले केहि गर्न प्रयास गर्नुस् पक्कै केहि न केहि गर्न सकिन्छ ।


## युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किन:**

❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

मिथिला नगरपालिका, धनुषा

## बाढी र पहिरोबाट सचेत होऔं ।

**बाढी र पहिरो आउनुअघि:**

❖स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
❖खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
❖घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
❖आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
❖जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमा:**

❖अनावश्यक हिडडुल नगरौं,
❖सुरक्षित स्थानतर्फ जाऔं,
❖विजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
❖खोलानाला सुरक्षित तवरले पार गरौं,
❖अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान–प्रदान गरौं,
❖घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

मटिहानी नगरपालिका, महोत्तरी

## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं ।

**घरबाहिर हुंदा**

❖आकाशमा बिजुली चम्किदा, गड्याङगुड्ङ्ग हुँदा घरभित्र जाऔं,
❖नजिकै घर नभए ओतमा बसौं,
❖रुख वा बिजुलीको पोलमुनि नबसौं,
❖छाता नओढौं,
❖खेतबारीमा काम नगरौं,
❖कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
❖ भूँइमा लम्पसार परेर नसुतौं।

**घरभित्र हुंदा**

❖टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
❖त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
❖तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
❖नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
❖झ्याल, भऱ्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
❖ भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

औरही नगरपालिका, महोत्तरी

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**मधेस प्रदेश मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# रातु नदीको बाढीमा परी एक जनाको मृत्यु

**खबर दर्पण समाचारदाता**
**साउन २६ गते, बर्दिवास**
महोत्तरी जिल्लाको बलवा नगर पालिका-३, बदिया स्थित रातु नदीमा आइतबार आएको बाढीमा परी एक जनाको मृत्यु भएको छ।
यसरी मृत्यु हुनेमा महोत्तरी गाउँपालिका-३, डाम्ही निवासी ३५ वर्षीय चन्दन ठाकुर रहेको स्थानीयवासीले जानकारी दिएको छ। बाढी आएको बेला झोलुंगे पुल तर्ने क्रममा एक्कासि उनी नदीमा खस्न पुगेका थिए।
साइकल चढी ट्याक्टरको डिजल ल्याउन पडौल गएको र डिजल लिएर डाम्ही स्थित घर फर्किदै गरेको बेला उनलाई रातु नदीले बगाएको स्थानीय युवा राजकुमार साहले जानकारी दिनुभयो। उत्तरवर्ती क्षेत्रमा परेको पानीको कारणले रातु नदीमा बाढी आएको हो।
स्थानीयवासीहरूले पानीको बहाव धेरै रहेकोले अहिले पुल पारी नजान भने पनि उनी पिठ्युमा साइकल बोकेर पुल पार गर्न खोजेपछि एक्कासि लडेर बाढीमा बगेको जानकारी दिनुहुँदै स्थानीय युवा साहले भन्नुभयो, "पुलबाट साइकलसहित खसेका युवा ठाकुरलाई उद्दार गर्ने प्रयास तत्कालै गरिए पनि पानीको तेज बहावको कारणले उनलाई बचाउन सकिएन।"
साइकलसहित नदीमा लडेका उनलाई तत्कालै स्थानीयवासीहरूले उद्धारको प्रयास गरे पनि उनको मृत्यु भइसकेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी निरीक्षक नन्दकिशोर चौहानले जानकारी दिनुहुँदै शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर लगिएको र सोमबार पोस्टमार्टम गरी शव परिवारजनलाई जिम्मा लगाई सकिएको बताउनुभयो।
रातु नदीमा आएको बाढीको कारण जिल्लाको बलवा, महोत्तरी गाउँ पालिकाको कृषियोग्य खेतहरू डुवानमा परेका छन्। खेतहरू डुवानमा पर्न थालेपछि महोत्तरी गाउँपालिका स्थित सिडियो बाँध खुला गरिएको थियो।
महोत्तरी गाउँपालिकाका पूर्व अध्यक्ष सुनिल यादवले महोत्तरीमा सिँचाइका लागि रहेको सिडियो बाँधमा पानी बढी भएपछि बाँध खोलिएको जानकारी दिनुहुँदै अहिले सो क्षेत्रमा पानी घटदै गएको बताउनुभयो।

# मोटरसाइकल दुर्घटनामा आमाको मृत्यु, दुई छोरासहित सात घाइते




**खबर दर्पण समाचारदाता**
**साउन २६ गते, बर्दिवास**
सर्लाहीको बागमतीमा सोमबार भएका बेग्लाबेग्लै मोटरसाइकल दुर्घटनामा एक महिलाको मृत्यु भएको छ भने सात जना घाइते भएका छन्।
बागमती नगरपालिका-१२, मा बागमती पुलबाट भरत तालतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-०३१ प ४९२३ नम्वरको मोटर साइकललाई सोही दिशातर्फ जाँदै गरेको ज ११ प ५५०५ नम्वरको मोटरसाइकले पछाडिबाट ठक्कर दिँदा बाराको कोल्हवी नगरपालिका-९, बस्ने ४२ वर्षीया इनरवती देवी चौधरीको मृत्यु भएको हो।
आफ्नै छोराले चलाएको मधेश प्रदेश ०३-०३१ प ४९२३ नम्बर को मोटरसाइकल सवार इनर वती पछाडिबाट अर्को मोटर साइकलले ठक्कर दिँदा गम्भीर घाइते भएकोमा उपचारका लागि हाइवे ट्रमा सेन्टर चन्द्रनिगापुर पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।
दुर्घटनामा मृतक इनरवतीका छोरा मोटरसाइकल चालक ३२ वर्षीय दीपक चौधरी र सोही मोटरसाइकलमै सवार इनर देवीका अर्का छोरा २८ वर्षीय रामरुप चौधरी घाइते हुनुभएको छ। सामान्य घाइते रहेका चौधरी दाजुभाईको चन्द्रनिगाहपुरमा उपचार जारी छ।
चौधरीका दुई दाजुभाई र आमा सवार मोटरसाइकललाई ठक्कर दिने ज ११ प ५५०५ नम्बरको मोटरसाइकलका चालक ईश्वर पुर नगरपालिका-९ का २० वर्षीय विशाल महतो र मोटर साइकल पछाडि सवार भारतीय नागरिक २० वर्षीय प्रेमकुमार भगत समेत सामान्य घाइते भएका छन्।
यस्तै बागमती नगरपालिका-१२, कै बथाने टोलमा बागमतीबाट भरत तालतर्फ नै जाँदै गरेको बागमती प्रदेश ०२-०५७ प ७८७९ नम्वरको मोटर साइकललाई प्रदेश ०२-०३-००१२ प २४३० नम्वरको मोटर साइकलले पछाडिबाट ठक्कर दिँदा तीन जना घाइते भएका छन्।
दुर्घटनामा पछाडिबाट ठक्कर दिने प्रदेश ०२-०३-००१२ प २४३० नम्वरको मोटर साइकलका चालक रौतहटको चन्द्रपुर नगरपालिका-१०, का १८ वर्षीय घनश्याम चौधरी, बागमती प्रदेश ०२-०५७ प ७८७९ नं. को मोटरसाइकल चालक रौतहटको दुर्गा भगवती गाउँपालिका-१, बस्ने १८ वर्षीय राजु चौधरी र पछाडि सवार उहाँकी आमा ४५ वर्षीया राधिका देवी चौधरी घाइते हुनुभएको छ।
दुवै मोटरसाइकल चालक उपचारपछि डिस्चार्ज भइसकेका छन् भने राधिका देवीको कर्मैयाकै स्वास्थ्य संस्थामा उपचार चलिरहेको छ।

# महेन्द्रनगरमा मिडिया सेन्टरको स्थापना



**खबर दर्पण समाचारदाता**
**साउन २६ गते, महेन्द्रनगर**
धनुषाको महेन्द्रनगरमा मिडिया सेन्टरको स्थापना गरिएको छ। सोमबार आयोजित विशेष समार ोहमा मिडिया सेन्टर कार्यालयको सुचनाको हकको लागि राष्ट्रिय महासंघ मधेस प्रदेशका अध्यक्ष बरिष्ठ पत्रकार डा. अजय साहले उद्घाटन गरेका हुन्।
मिडिया सेन्टर अन्तर्गत न्यूज अफ नेसन र सिटी टेलिभिजन अनलाईनको संयुक्त कार्यालय सञ्चालनमा आएको छ। सिटी टेलिभिजन जनकपुरको शाखा मध्ये महेन्द्रनगरस्थित कार्यालय हो भने न्यूज अफ नेसन महेन्द्रनगरमा रहेको अनलाइन सञ्चार हो। मिडिया सेन्टरको उदघाटन गर्दै बरिष्ठ पत्रकार डा साहले डिजिटल सञ्चारको बढ्दो महत्वलाई मध्यनजर र ाखी यस क्षेत्रको सूचना तथा सञ्चारको समृद्धिका लागि मिडिया सेन्टरले उल्लेखनीय योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।
कार्यक्रममा गोरखापत्रका विजय साह, अन्नपूर्णका विजय सिंह, दुग्धमती एफएम तथा टेलिभिजनका सञ्चालक अनिल कुशवाह, न्युज अफ नेशनका र ोहित खनाल (सम्राट),सिटी टेलिभिजनका सञ्चालक राजेश अभिराज यादव, प्रेम चौहान लगायत सञ्चारकर्मीहरूको उपस्थिति मिडिया सेन्टरका व्यवस्थापक कृष्ण यादवले जानकारि दिए।


## युवा सशक्तिकरण गरौं।

**युवा सशक्तिकरण किनः**

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

रामगोपालपुर नगरपालिका
महोत्तरी

## बाढी बारे चासो राखौं, चनाखो बनौं

**बाढी र डुबान हुनुपूर्वको तयारी यसरी गरौं:**

- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं।
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर ११५५ वा रेडियो-टिभीबाट नियमित जानकारी लिने गरौं।
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर मोबाईलमा सेभ गरेर राखौं, सकिन्छ भने कण्ठ पारौं।
- आफ्नो गाउँ-ठाउँ र वडामा सबै मिलेर रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्रीहरुको जोहो गरेर सुरक्षित राखौं।
- आपत-विपतका लागि अन्न, दाल, नून, तेल र साबुनजस्ता अत्यावश्यक सामग्री घरको सबैभन्दा अग्लो ठाउँमा राखौं।
- फिटकिरी वा पानी सफा गर्ने औषधी घरभित्र अग्लो ठाउँमा झुण्डयाई राखौं।
- नागरिकता, लालपुर्जा, लाईसेन्स, पासपोर्टजस्ता महत्वपूर्ण कागजपत्र, नगद, गरगहना र औषधीजस्ता महत्वपूर्ण सामान प्लाष्टिकले राम्री पोको पारेर घरको अग्लो ठाउँमा राखौं।
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर, डिल, सार्वजनिक भवनबारे पहिल्यै थाहा पाईराखौं।
- टर्च, डोरी, सिठ्ठी, लौरोजस्ता सामान सजिलै भेटिने ठाउँमा राखौं।
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाबारे बेला बेलामा जानकारी लिदै गरौं।

विपदबारे चासो राखौं, चनाखो बनौं

गौशाला नगरपालिका, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,